का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ असोज २०७९,
सोमबार
10 October 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २३९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

आम चुनाव-२०७९

## ६ हजार उम्मेदवार मैदानमा

# सत्तापक्ष र प्रतिपक्ष आमुन्ने-सामुन्ने

झण्डै ६ हजारले उम्मेदवारी दर्ता गराए पनि आम चुनावमा मूल प्रतिस्पर्धा भने सत्ता र विपक्षी गठबन्धनबीच हुने देखिएको छ । सत्ता गठबन्धनमा पाँच दल छन् भने प्रतिपक्षी गठबन्धनमा जसपा र राप्रपालगायत छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ असोज ।

४ मंसिरमा हुने प्रदेश र प्रतिनिधिसभा सदस्यको चुनाव अन्तर्गत आइतबार मनोनयन दर्ता । निर्वाचन आयोगका अनुसार करिब ६ हजार चुनावी मैदानमा उत्रिएका छन् । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार प्रारम्भिक तथ्याङ्क अनुसार, प्रतिनिधिसभामा २ हजार ४५२ र प्रदेशमा ३ हजार ३३६ जनाको उम्मेदवारी परेको छ ।

उनका अनुसार प्रतिनिधिसभाअन्तर्गत देशभर २ हजार २२३ पुरुष र २२९ महिला गरी कूल २ हजार ४५२ जनाले उम्मेदवारी दर्ता गरेका छन् । प्रदेशसभातर्फ ३ हजार ३९ जना पुरुष, २८६ जना महिला र १ जना अन्य गरी जम्मा ३ हजार ३२६ जनाको उम्मेदवारी दर्ता भएको छ । यसलाई निर्वाचन आयोगले उत्साहजनक तथा शान्तिपूर्ण उम्मेदवारी दर्ता भनेको छ । चुनावी मैदानमा करिब ६ हजार भएपनि चुनावमा मुख्यत दुई गठबन्धनबीच प्रतिस्पर्धा हुने देखिन्छ । सत्ता गठबन्धनमा पाँच दल छन् । प्रतिपक्षी नेकपा एमाले नेतृत्वको गठबन्धनमा जसपा र राप्रपा लगायतका दल छन् । दुबै गठबन्धन ४ मंसिरको चुनावमा चुनावमा आमुन्नेसामुन्ने हुँदैछन् ।

१९ साउनमा मन्त्रिपरिषदले ४ मंसिरमा प्रदेशसभा र प्रतिनिधिसभा चुनाव घोषणा गर्दै गर्दा र आइतबार उम्मेदवारी मनोनयन दर्ता हुदाँसम्मको राजनीतिक परिदृष्य फेरिएको छ । त्यसबेला नेकपा एमाले एक्लै चुनावमा जाने अधिकांशको आंकलन थियो ।


केपी ओली


प्रचण्ड


माधव नेपाल


उपेन्द्र यादव


राजेन्द्र लिङ्देन

नेकपा एमालेले पनि बलियो साझेदार भेट्टाएको थिएन । यही कारणले उसले एक्लै चुनाव लड्ने भन्दै आएको थियो । तर, राप्रपा, राप्रपा नेपाल लगायतका साना दलहरुसँग वाद जारी राखेको थियो भने सत्ता गठबन्धनमा रहेका पाँच दलीय गठबन्धन फुटाउने भरमजदुर प्रयास गरिरह्यो । सुरुमा एमालेले माओवादी केन्द्रसँगै चुनावी तालमेल गर्ने गरी गठबन्धन फुटाउने प्रयास गर्‍यो । नेपाली कांग्रेसलाई पनि एक्ला एक्लै चुनाव लड्दा हुने फाइदाबारे बुझाउने प्रयास गर्‍यो । दुई दलीय व्यवस्थाको कुरा गर्दै कांग्रेसले साथ नदिए अन्य दलहरु अस्तित्वमा नरहने भनेर फकाउने प्रयास गर्‍यो । तर, अनेक प्रयास सफल हुन नसकिरहेका बेला गठबन्धनमा सिट बाँडफाँडको असन्तुष्टिलाई क्यास गर्दै एमालेले जसपालाई गठबन्धनमा – बाँकी पृष्ठ २ मा

## प्रभु साहको विद्रोह

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ असोज ।

प्रदेश र प्रतिनिधिसभाको चुनावका लागि मनोनयन दर्ताको दिन नेकपा एमालेका पोलिब्युरो सदस्य प्रभु साहले मधेश प्रदेशमा विद्रोह गरेका छन् । नेता साहको टिमले तालमेलबाट जनता समाजवादी पार्टी (जसपा)को भागमा परेका सबै क्षेत्रमा स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । साह स्वयमले पार्टीले दिएको टिकट त्यागेर रौतहट ३ बाट स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् ।

एमालेले टिकट दिए पनि उनले रौतहट ३ बाट बागी उम्मेदवारी दिएका हुन् । उनले आफूसँगै पार्टी प्रवेश गरेका अन्य नेताहरूलाई एमालेले टिकट नदिएको भन्दै बागी उठेको जनाएका छन् ।

यस्तै उनले आफूले पार्टी प्रवेश गराएका व्यक्तिहरूलाई पार्टीले टिकट नदिएको भन्दै चुनावी तालमेल गरेको जसपा उम्मेदवार भएका ठाउँमा स्वतन्त्र उम्मेदवारी दिएका हुन् । एमालेका उम्मेदवार भएको ठाउँमा भने साह समूहले उम्मेदवारी दिएको छैन ।

साहको टिमबाट क्षेत्र नम्बर ३ प्रदेश 'क' मा केशव राय चौधरी उम्मेदवार बनेका छन् । उनी केही समयअघि नेकपा एसबाट एमाले प्रवेश गरेका थिए । सोही क्षेत्रको प्रदेशसभा तर्फ 'ख' मा कुन्दन कुशवाहले उम्मेदवारी दर्ता – बाँकी पृष्ठ २ मा

# फरक मत राख्नेले पाएनन् टिकट

पार्टी नेतृत्वसँग फरक मत राखेकै कारण नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र जस्ता ठूला पार्टीका प्रभावशाली नेताहरुले यसपटक टिकट पाएनन् । तर नवप्रवेशीले भने महत्वका साथ रोजेकै क्षेत्रमा टिकट पाए ।













**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २३ असोज ।

आगामी मंसिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा चर्चित नेताहरुले टिकट पाएनन् । पार्टी नेतृत्व विरुद्धमा आलोचना गर्ने नेताहरुले नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र लगायत दलमा टिकट पाएनन् ।

जसमा एमालेका नेता भीम रावल, घनश्याम भूसाल, मिनेन्द्र रिजाल, स्वर्णिम वाग्ले, हरिबोल गजुरेल, लेखनाथ न्यौपाने लगायत परे । विभिन्न पार्टी परित्याग गरेर नवप्रवेशी व्यक्तिलाई टिकट दिदाँ एमालेमा भीम रावल र घनश्याम भुसाललाई अध्यक्ष केपी शर्मा ओलीले टिकटै दिएनन् ।

पार्टीले टिकट नदिएपछि घनश्याम भुसालले एमाले परित्याग गरेर स्वतन्त्र उम्मेद्वारी दिएका छन् । भूसाललाई सत्तारुढ गठबन्धनले समर्थन गरेको छ । रुपन्देही-१ मा भाग पाएको माओवादी केन्द्रले अलग्गै उम्मेद्वारी नदिएर भूसाललाई समर्थन गरेको हो । अब सत्तारुढ गठबन्धनको उम्मेद्वार भूसाल हुनेछन् । मूलतः संसद विघटनपछि ओलीविरुद्ध अभिव्यक्ति दिएकै कारण रावल र भुसालले टिकट नपाएका बुझ्न सकिन्छ । नेपाली कांग्रेसको १४औं महाधिवेशनदेखि पटक/पटक सभापति शेरबहादुर – बाँकी पृष्ठ २ मा

# फ्रि-भिसा फ्रि-टिकट : मतदाता तान्ने आकर्षक नारा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ असोज

वैदेशिक रोजगारमा जाने विपन्न अवस्थाका नेपाली कामदारलाई लागतको बोझबाट मुक्त गर्ने उद्देश्यसहित ल्याइएको फ्रि-भिसा, फ्रि-टिकटको निर्णय कामदारका लागि भन्दा राजनीतिक दल र नेताका लागि निर्वाचनमा मत तान्ने आकर्षक नारा बन्ने भएको छ ।

नेपाली कांग्रेसका तत्कालीन सभापति तथा प्रधानमन्त्री स्व. सुशील कोइरालाको कार्यकालमा २०७२ सालमा श्रम मन्त्रालयले खाडीका ६ मुलुक र मलेसिया जाने कामदारका हकमा फ्रि-भिसा फ्रि-टिकटको निर्णय गरेको थियो । अधिकांश वैदेशिक रोजगार – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## पोर्चुगलमा एक नेपाली युवाको मृत्यु

**लिस्बन/रासस–** वैदेशिक रोजगारीको सिलसिलामा पोर्चुगल आएका एक नेपाली युवाको यहाँ मृत्यु भएको छ । विगत छ वर्षदेखि पोर्चुगलमा बस्दै आएका रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिका- १, शंकरनगरका ३७ वर्षीय कपिल सिन्धौलीको हृदयाघातका कारण मृत्यु भएको हो ।

सिन्धौलीको बिहीबार पेगोईसस्थित आफ्नै कोठामा सुतेकै अवस्थामा उनको मृत्यु भएको मृतकका भाइ सुरज सिन्धौलीले जानकारी दिए । सँगै सुतेका साथीले बिहान काममा जाने बेलामा उठाउन जाँदा नउठेपछि आफूलाई खबर आएको र तत्काल दाजुको कोठामा पूग्दा दाजु मृत अवस्थामा भेटिएको उनले बताए । मृतक सिन्धौली पेगोईसस्थित एक कृषि कम्पनीमा कार्यरत थिए । – बाँकी पृष्ठ २ मा

कुवेतमा रोजगार | कम्पनी: BRILLIANT HOME MEDICAL SERVICES CO.
शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/०६/१४ चलानी नं.: ६०१८८६२० LT. No.: 272958

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 15 | 25 | सम्बन्धित काममा दक्ष | 100 | ४२,३९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Light Driver | 4 | 0 | | 170 | ७२,०६५ | | | | | | | |
| 3. | Nurse (B.Sc) | 0 | 10 | | 450 | १९०,७६० | | | | | | | |
| 4. | Staff Nurse | 0 | 10 | | 350 | १४८,३६९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ३१ गते (17 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१

फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४९६०५७६, ४९५०७१९
9810101810, 9813916322, 9851100426, Email: futurestarmp397@gmail.com
Birtamod Jhapa Branch :- 023-543784 ,9816915286 9823145954

MALAYSIA मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: ASIA WIRE STEEL MESH MANUFACTURING SDN.BHD शहर: Selangor

पूर्व स्वीकृत मिति: २०७९/०६/१५ चलानी नं.: ६०१८८६४७ LT. No.: 272837

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: HEAP YEE BROTHERS CONTRACT FARMING SDN BHD शहर: Jalan

पूर्व स्वीकृत मिति: २०७९/०६/१५ चलानी नं.: ६०१८८६४६ LT. No.: 272836

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ३१ गते (17 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957

मध्यान्ह
www.madhyanhadaily.com
२४ असोज २०७९, सोमबार
10 October 2022, Monday

# आगामी निर्वाचन-दाङमा को सँग को भिड्दै ?

**टेकबहादुर पुन/मध्यान्ह**
दाङ, २३ असोज

आगामी मंसीर ४ गते हुने निर्वाचनका लागि दाङमा उम्मेदवारहरुले मनोनयन दर्ता गराएका छन् । ३ वटा निर्वाचन क्षेत्र रहेको दाङ जिल्लामा बहालवाला मन्त्री तथा सांसदहरु फेरि दोहोरिएको पाइएको छ ।

दाङ क्षेत्र नम्बर १ मा नेकपा एकीकृत समाजबादी पार्टीका मेटमणी चौधरीले उम्मेदवारी दिएका छन् । उनी बहालवाला शहरी विकाशमन्त्री समेत हुन् । उनलाई गठबन्धनले प्रतिनिधि सभाका लागि साझा उम्मेदवारमा खडा गरेको हो । उनी एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालका प्रिय पात्र मानिन्छन् । उनको प्रतिद्वन्द्वी नेकपा एमालेकी नेतृ शान्ता चौधरीले उम्मेदवारी दिएकी छिन् । उनी एमालेकी पोलिटब्युरो सदस्य तथा बहालवाला सांसद हुन् ।

त्यस्तै क्षेत्र नम्बर १ प्रदेश (क) मा गठबन्धनका तर्फबाट माओवादी केन्द्रका नेता इन्द्रजित थारुले आफ्नो उम्मेदवारी दर्ता गराएका छन् । उनी बहालवाला लुम्बिनी प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री समेत हुन् । चौधरीसँग प्रतिस्पर्धामा आएका छन् नेकपा एमालेका नेता गंगाराम भट्टराई । उनी हालैमात्र एमालेमा प्रवेश गरेका हुन् । त्यो भन्दा अघि भट्टराई स्वतन्त्र रुपमा आफुलाई प्रस्तुत गर्दै आएका थिए ।

त्यस्तै दाङ क्षेत्र नम्बर १ प्रदेश (ख) मा गठबन्धनले नेपाली कांग्रेसका युवा नेता अनुराग खड्कालाई उम्मेदवार



बनाएको छ । पुर्वगृहमन्त्री स्वर्गीय खुमबहादुर खड्काका पुत्र अनुराग पछिल्लो समय नेपाली कांग्रेसमा उदाउँदै गरेका युवा नेता भनेर परिचित छन् । उनीसँग नेकपा एमालेका तर्फबाट कुलबहादुर केसी भिड्दैछन् । केसी दाङको लमही नगरपालिकाका संस्थापक मेयर हुन् । उनी एमालेका महासचिव शंकर पोखरेलका प्रिय पात्र मानिन्छन् ।

त्यस्तै दाङ क्षेत्र नम्बर २ मा एमालेका तर्फबाट लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री तथा एमालेका महासचिव शंकर पोखरेल प्रतिनिधि सभामा आफैं भिड्दैछन । उनीसँग गठबन्धनका तर्फबाट माओवादी केन्द्रकी रेखा शर्मा प्रतिस्पर्धामा छिन् । शर्मा हाल बहालवाला मन्त्री समेत हुन् । गठबन्धनले दाङ क्षेत्र नम्बर २ लाई माओवादीको भागमा पारेपछि उम्मेदवार को बन्ने भन्ने विषयमा चर्चा चल्यो । एमालेका पोखरेलसँग माओवादीका उपाध्यक्ष तथा पुर्वसभामुख कृष्ण बहादुर महरा प्रतिस्पर्धामा जाने कुराले पनि चर्चा पायो । तर एकाएक रेखा शर्माको नाम आएपछि उनले उम्मेदवारी दर्ता गराएकी छिन् ।

त्यस्तै दाङ निर्वाचन क्षेत्र नम्बर ३ मा कांग्रेसका युवा नेता दिपक गिरीले उम्मेदवारी दिएका छन् । गठबन्धनको साझा उम्मेदवार बनेका गिरी कांग्रेसका केन्द्रीय सदस्य तथा पुर्वसिँचाई मन्त्री समेत हुन् । उनी दाङ जिल्लामा कांग्रेसको बलिया खम्बाका रुपमा स्थापित छन् । उनीसँग एमालेकी नेतृ कोमल वली भिड्नेछिन । वली विभिन्न पार्टी छोड्दै प्रवेश गर्दैगर्दा एमालेले भने उनलाई सम्मानजनक स्थान दिएको छ । समग्रमा दाङमा गठबन्धनका उम्मेदवारहरु बलिया मानिएका छन् ।

**दाङ क्षेत्र नं. १ मा प्रतिनिधिसभाका अन्य उम्मेदवार**

प्रतिनिधि सभा र प्रदेश सभा सदस्यका लागि विभिन्न दलका विभिन्न व्यक्तिहरुले उम्मेदवारी दर्ता गराएका छन् । जसमध्ये अशोक खड्का (नेपाली कांग्रेस बीपी), देवराज पाठक (राष्ट्रिय स्वतन्त्र पार्टी), गंगा थारु सतगौंवा (हाम्रो नेपाली पार्टी), रुक्मिनी चौधरी (संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च थारुहट), गणेशभक्त खरबुजा (नेपाल मजदुर किसान पार्टी), प्रतिमा बुढामगर (लोकतान्त्रिक समाजवादी पार्टी) लीला बुढाथोकी (राष्ट्रिय प्रजातन्त्र पार्टी), सुरेन्द्र चौधरी (राष्ट्रिय उन्मुक्ति पार्टी), शोभराम बुढा (मंगोल नेशनल अर्गनाइजेशन) र चन्द्रमणि न्यौपाने (स्वतन्त्र) उम्मेदवार बनेका छन् ।

**क्षेत्र नम्बर १ प्रदेश (क) का उम्मेदवार**

महेशचन्द्र रिजाल (राष्ट्रिय जनमोर्चा), खुमबहादुर गाहामगर (मंगोल नेशनल अर्गनाइजेशन) जगतराम यादव (जनता समाजवादी पार्टी), टंकबहादुर विष्ट (हाम्रो नेपाली पार्टी), दामोदर चौधरी (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल), मानबहादुर चन्द (राष्ट्रिय प्रजातन्त्र पार्टी), रंञ्जीत चौधरी (नागरिक उन्मुक्ति पार्टी) बाट उम्मेदवार बनेका छन् ।

**क्षेत्र नम्बर १ प्रदेश (ख) का उम्मेदवार**

गोरखबहादुर केसी (राष्ट्रिय प्रजातन्त्र पार्टी), भक्तिराम चौधरी (नागरिक उन्मुक्ति पार्टी), राजकुमार विश्वकर्मा (लोकतान्त्रिक समाजवादी पार्टी), टिकलाल चौधरीले (मंगोल नेशनल अर्गनाइजेशन)बाट उम्मेदवारी दर्ता गराएका छन् ।

# रौतहट-४ मा कांग्रेसका तिमल्सिनाद्वारा मनोनयन दर्ता

**दिपु मिश्र/मध्यान्ह**
रौतहट, २३ असोज



रौतहट क्षेत्र नम्बर ४ मा नेपाली कांग्रेसका तर्फबाट देवप्रसाद तिमल्सिनाले प्रतिनिधिसभाका लागि मनोनयन दर्ता गराएका छन् । आइतबार नेपाली कांग्रेसका तर्फबाट देवप्रसाद तिमल्सिनाले प्रतिनिधि सभाका लागि मनोनयन दर्ता गराएका हुन् । नेता तिमल्सिनाले २०७४ को प्रतिनिधि सभा निर्वाचनमा ५ हजार २ सय २५ मतान्तरले एमालेका उम्मेदवार डा. बंशीधर मिश्रलाई पराजित गरेका थिए ।

नेता तिमल्सिना क्षेत्र नम्बर ४ का कांग्रेसका प्रभावशाली नेता हुन् । यस पटक पनि उनले मनोनयन दर्ता गरेसँगै कांग्रेसका नेता तथा कार्यकर्तामा उमंग छाएको छ । त्यस्तै रौतहट क्षेत्र नम्बर ४ प्रदेश क बाट माओवादी केन्द्रका नेता युवराज भट्टराई (समीर)ले प्रदेश सभामा मनोनयन दर्ता गराएका छन् ।

सत्ता गठबन्धनको तर्फबाट मनोनयन दर्ता गरेका नेता भट्टराई माओवादी केन्द्रका पोलिट्ब्युरो सदस्य समेत हुन् । गठबन्धनका उम्मेदवारलाई जिताउन पार्टी एक ढिक्का भएर अघि बढ्ने उनले बताएका छन् । त्यस्तै रौतहट क्षेत्र नम्बर ४ नेकपा एमालेबाट प्रतिनिधि सभा सदस्यमा उद्धव रेग्मी र क्षेत्र नम्बर ४ (क) प्रदेश सभा सदस्यमा अखिलेश्वर चौधरीले मनोनयन दर्ता गराएका छन् ।

# आरन चलाएर गुजारा



**बेदकोट/मस**– कञ्चनपुरको भीमदत्त नगरपालिका-६ बनगाउँस्थित पूर्वपश्चिम महेन्द्र राजमार्गको छेउमा सानो झुपडी छ । झुपडीभित्र फलामका टुक्रा असरल्ल छरिएका छन् । कोइला पोल्न प्रयोग गरिने आरन र आरन नजिकै घन र हतौडा छन् । तिनै घन र हतौडासँग खेल्दै गरेका भेटिन्छन् भीमदत्त -६ का ६६ वर्षीय विष्णु लुहार । उनले आरनको काम गर्छन् । उनले दशकौंदेखि आरन चलाएरै जीविकोपार्जन गर्दै आएका छन् । उनी घरबाट बिहानै आरनमा आउछन् र बेलुका राति मात्रै घर फर्किन्छन् । आरनमा उनलाई काम गर्न भ्याइनभ्याई छ । यही पेसाबाट उनले छोरा-बुहारी, नातिनातिनासहित १० जना परिवार पाल्दै अएका छन् । 'आरन चलाएर परिवार पालेको छुँ, छोराछोरी नातिनातिनालाई शिक्षादीक्षा दिन सकिएको छ', उनी बताउछन्, 'घरखर्च पनि राम्रै चलेको छ ।'

उनलाई आरनमा काम गर्न थालेको ५४ वर्षभन्दा बढी भइसकेको छ । उनका बुबा पनि आरनकै काम गर्दथे । सानै हुँदा बुबासँगै आरनमा खेल्दाखेल्दै काम सिके उनले । अहिले त्यही सीपको उपयोग गर्दै विष्णुले पनि आफ्नो परिवार सुखका साथ पालिरहेका छन् । विष्णुका बुबा विसं २०२४ मा दार्चुलाको बचालबाट तराई बसाइँ सरेका थिए । बचालमा आरन चलाउने उनीहरुले तराई (बनगाउँ) मा पनि त्यही काम थाले । बुबालाई आरनमा सघाउने उनले पहाडमै काम सिकिरहेका थियो । तराईमा बुबासँग काम गर्दा उनी झनै काममा निपुर्ण भए ।

विष्णुले सानै उमेरमा बुबालाई गुमाउँदा परिवार पाल्ने जिम्मेवारी उनकै काँधमा आयो । त्यसका लागि उनले पनि आरनलाई नै निरन्तरता दिए । 'अरू काम गर्नका लागि पढेको थिएन । कि त भारत नै जानु पर्थ्यो । तर म भारत गइनँ', उनी भन्छन, 'बुबाको कामलाई नै निरन्तरता दिए । काम गर्दै जाँदा कृषकहरुले पनि काम मन पराए ।' बुबासँग आरनमा लडिबडी खेल्दै सिकेको सीपले परिवारको घरखर्च जुटाउने स्रोत बन्यो । त्यसैले उनले जीविकोपार्जनका लागि अन्य विकल्प खोज्नु परेन । उनसँगैका साथीहरु कामका लागि अहिले पनि भारतमा छन् । उनी स्वदेशमा नै पौरख गरिरहेका छन् । उनी भन्छन्, 'भारतमा गएर मैले पनि १३ दिन काम गरेँ । तर मलाई अर्काको मुलुकमा काम गर्न मन परेन, त्यसैले अहिले पनि आफ्नो सीपको उपयोग गरेर स्वदेशमै मेहनत गरिरहेको छुँ ।' फलाम पिटेर कमाएको पैसाले नातिनातिनाहरुलाई समेत बोर्डिङ स्कुलमा पढाउन सकेको उनी बताउछन् । भोलिका दिनमा आफ्ना सन्ततिले पढेर डाक्टर र इन्जिनियर बनेको हेर्ने चाहना छ, विष्णुको ।

आरनबाट हुने कमाईमा उनी सन्तुष्ट हुनुहुन्छ । 'कहिले दिनमा एक/दुई हजार । कहिले पाँच/छ सय कमाई हुन्छ । कृषकहरुले कामप्रति खुसी भएर पैसा दिएर जान्छन्' उनी बताउछन् । उनले छोराहरुलाई पनि रोजगारीमा लगाएका छन् । एक छोराका लागि अटो किनिदिएका छन् भने अर्का छोरालाई खेतीपातीको काममा लगाएका छन् । विष्णुले कृषक वर्गलाई चाहिने कुटो, कोदालो, हँसिया, बञ्चरोलगायत हातहतियार बनाउने गर्छन् ।

आरनमा कामका लागि महेन्द्रनगर आसपासका क्षेत्रका साथै भारतको बनबासा, टनकपुर, नानकमाताबाट मानिसहरु आउने गरेको उनी सुनाउछन् । 'टाढाटाढाबाट विश्वास गरेर मेरामा काम लिएर आउनुहुन्छ', उनी भन्छन्, 'आउने ग्राहकलाई खुसी बनाएका कारण ज्यालाभन्दा बढी पैसा दिएर जानुहुन्छ ।' काममा मेहनत गरेका कारण सबैलाई सन्तुष्ट बनाउन सकेको उनको दाबी छ । जनशक्ति नहुँदा एक्लैले चाहे जति काम गर्न नसकेको उनको भनाइ छ । 'धेरै काम आइरहेको छ । तर एक्लै हुँदा सबैको काम भ्याउन गाह्रो हुन्छ,' उनी भन्छन्, 'जनशक्ति नहुँदा आफूसँग भएको सीप देखाउन सकिएको छैन ।'

# व्यावसायिक भेडापालनमा युवाको आकर्षण

**केदार मगर/रासस**
खोटाङ, २३ असोज

केपिलासगढी गाउँपालिका-१ फेदीका लक्ष्मण साम्पाङ 'समिप'ले सुनसरीको धरानस्थित महेन्द्र क्याम्पस धरानबाट स्नातकोत्तर उत्तीर्ण गरेका छन् । राजनीति शास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेका लक्ष्मण अहिले आफ्नै गाउँमा व्यावसायिक भेडापालनमा सक्रिय छन् ।

तीन वर्षअघि आधिकारिकरुपमा व्यावसायिक फार्म (मुन्धुम भेडापालन फार्म) दर्ता गरेर भेडापालन शुरु गरेका लक्ष्मणको फार्ममा अहिले २५० वटा भेडा छन् । रु २० लाखमा एक सय ८० वटा भेडाको मल्ला खरिद गरेर व्यावसायिक भेडापालन शुरु गरेका उनको फार्मबाट वार्षिक आम्दानी रु १० लाखभन्दा बढी हुने गरेको बताइएको छ ।

विसं २०५८ देखि राजनीतिमासमेत सक्रिय रहेका लक्ष्मण अहिले ३७ वर्षका भए । नेकपा (माओवादी केन्द्र)को भ्रातृ सङ्गठन अखिल क्रान्तिकारीको जिल्ला तहदेखि केन्द्रीय सदस्यसम्म भएका लक्ष्मण अहिले नेकपा (माओवादी केन्द्र) केपिलासगढी गाउँपालिका कार्यसमितिका सचिव पनि हुन् । 'राजनीतिलाई पेशा हैन, सेवा गर्ने माध्यम बनाउनुपर्छ', भन्ने सन्देश युवा पुस्तालाई दिनुहुने लक्ष्मणलाई आफ्नै दुई भाइलेसमेत सहयोग गर्दै आएका छन् । बुबा तीर्थमणि र आमा गोरी साम्पाङका जेठा छोरा लक्ष्मणलाई २८ वर्षीय भाइ किशोर २२ वर्षीय भैराज साम्पाङले सहयोग गर्दै आएका हुन् । किशोरले एसएलसी र भैराजले एसइई उत्तीर्ण गरेका छन् ।

भेडापालनबाट राम्रो आम्दानी हुने देखेपछि पछिल्लो समय युवा पुस्तामा विदेश जानुभन्दा यहीँ बसेर व्यवसाय गर्ने सोच बढ्न थालेको छ । उनीहरु तीन दाजुभाइसँगै फेदीकै स्थानीयवासी २५ वर्षीय तीलबिक्रम राई र १९ वर्षीय कल्याण राईसमेत पछिल्लो समय उक्त फार्ममा आवद्ध भएर व्यावसायिक भेडापालनमा लागेका छन् ।

उनीहरु पाँचैजना अहिले पालैपालो भेडीचोकमा बसेर आफ्ना भेडाको हेरचाहमा जुट्ने गरेका छन् । उनीहरुको भेडीचोक हिउँदको समयमा बैँसी क्षेत्रको रावा फाँट तथा स्थानीय बासिन्दाको खेतबारी र वर्षाको समयमा लेकाली क्षेत्र मयुङका फाँटहरुमा चरनका लागि पुऱ्याउने गरिएको छ ।

भेडीचोक बैँसी झरेको समयमा आफ्नो खेतबारी मल्नका लागि भेडीचोक राख्न स्थानीय बासिन्दाले तछाडमछाड गर्ने गर्दछन् । भेडाको मल अरुको भन्दा कडा र मलिलो हुने भएकाले लेकाली क्षेत्रमा राखिएका भेडीचोकहरुमा पुगेर स्थानीय बासिन्दाले भेडाको बर्कुलासमेत ल्याएर आफ्नो खेतबारीमा लगाउने गरेका छन् ।

भेडापालनका लागि जिल्लाको वातावरण उपयुक्त तथा पर्याप्त मात्रामा घाँसे मैदानहरु रहेकाले आधिकारिकरुपमा फार्म दर्ता गरेर व्यावसायिक भेडापालन शुरु गरिएको लक्ष्मण बताए । 'भेडाको साँढ, पाठापाठी, ऊन र घ्यू चोकबाटै बिक्री हुन्छ । अन्य पशुपालनभन्दा भेडा पाल्न सजिलो र छिटो समयमै राम्रो आम्दानीसमेत दिन्छ', लक्ष्मणले भने, 'श्रम अर्थात व्यवसाय गर्न कुनै पनि सजिलो भने छैन । श्रमलाई सम्मान र आफूले गरेको पेशा तथा व्यवसायमा आत्मा सन्तुष्टि लिन सक्नुपर्छ ।'

स्नातकोत्तर गरेको छोरा सरकारी जागिरे होस् भन्ने बुबाआमा चाहना रहेपनि उहाँहरुको चाहना विपरीत आफू भेडापालन व्यवसायमा लागेको लक्ष्मणले बताए । 'सानै उमेरदेखि राजनीतिमा लागियो । म स्वतन्त्रतामा रमाउने मान्छे । सरकारी जागिरमा स्वतन्त्रता हुँदैन', उनले भने । अहिले धेरै व्यक्तिले राजनीतिलाई पेशा बनाएकामा असन्तुष्टी जनाउँदै उनी भन्छन्, 'राजनीति पेशा हैन, सेवा गर्ने माध्यम हो । सेवा गर्नलाई आर्थिक अवस्था राम्रो हुनुपर्छ । कुनै पनि व्यक्तिको आर्थिक आम्दानी राम्रो नभई राजनीति सम्भव छैन । राजनीतिलाई अगाडि बढाउन जो सुकैको पनि आम्दानी स्रोत हुनैपर्छ । भेडापालन व्यवसायबाट आएको आम्दानी घर खर्च र राजनीतिमा लगानी गर्दै आएको छु ।'

जिल्लामा एउटा भेडाको साँढ रु ५० हजारसम्म, मासु प्रतिकेजी रु आठ सय, ऊन प्रतिकेजी रु पाँच सयसम्म र घ्यू प्रतिकुरुवा रु चार हजारसम्ममा बिक्री हुने गरेको छ । जिल्लामा उत्पादित भेडाको साँढ, ऊनबाट बनेका विभिन्न प्रकारका राडीपाखी र घ्यू जिल्ला बाहिरसमेत निर्यात हुने गरेको छ । भेडाको घ्यू औषधिजन्य प्रयोजनमा समेत उपयोग गर्ने गरिन्छ ।

फेदीकै पृथीराज राई, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-६ नेर्पाका प्रवीण गुरुङ, सोही नगरपालिका-१० खार्मीका शशिकुमार राई, वडा नं १२ जापलाका इन्द्रमान राई, वडा नं १३ नुनथलाका गोपाल राईलगायतका युवाले पनि जिल्लामा व्यावसायिकरुपमा भेडापालन शुरु गरेका छन् । खार्मीका ३६ वर्षीय शशिकुमारले वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न देश पुगेर पाँच वर्षपछि गाउँ फर्किएपछि व्यावसायिकरुपमा भेडापालन शुरु गरेका हुन् ।

## सत्तापक्ष...

सामेल गराउने प्रयास गऱ्यो । जो सफल भएको छ र एमाले जसपा साझेदार पाए सँगै सत्ता गठबन्धनसँग हाराहारीको प्रतिस्पर्धी भएको सन्देश खिदन सफल भएको छ । मधेशै अर्को शक्ति लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) एमालेको साथ खोजेको थियो । तर, एमालेले जसपासँग सहकार्य गर्ने भएपनि लोसपा सत्ता गठबन्धनमा पुग्यो र जसपा एमाले गठबन्धनमा । यो संगै चुनावमा मुख्यत दुई गठबन्धन देखा परेकाा छन् ।

सत्तापक्ष र प्रतिपक्ष आमुन्ने सामुन्ने भएर चुनाव लड्ने प्रष्ट संकेत मनोनयन दर्ताको दिनले देखाएको छ । एमाले पनि चुनाव घोषणा हुँदै गर्दाको समय भन्दा मनोनयन दर्ताको दिनसम्म आइपुग्दा थप उत्साही भएको देखिन्छ । किनभने तर उम्मेदवारी दर्ताको अघिल्लो दिन आइपुग्दा एमालेले सत्ता गठबन्धनसँग भिड्न तराई मधेशको बलियो साझेदार पाउन सफल भयो ।

यसबाट प्रतिपक्षी एमालेले एकै चोटि दुई उपलब्धि हासिल गरेको छ । एउटा- पाँचदलीय गठबन्धन फुटाउने उद्देश्य पूरा गरेको छ, अर्को- आफूमाथि लागेको प्रतिगमनको आरोप केही हदसम्म भए पनि हटाउन सफल भएको छ । किनभने एमाले विरुद्ध प्रतिगमनको विरोधमा भन्दै पाँच दलयि गठबन्धन बनेको थियो ।

जो चुनावमा पनि जाँदै थियो । त्थ्यसलाई चिर्न केही हदसम्म भएपनि सफल हुनु एमालेका लागि चुनावमा थप सफलता प्राप्त गर्ने आधार बनेको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले दुई दुई पटक गरेको प्रतिनिधिसभा विघटन विरुद्ध एक भएर अगाडि बढेका पाँच दलबाट बाहिरिएर जसपा एमालेसँगै सहकार्य गर्न आइपुगेपछि एमालेका लागि त्यो प्रतिगमन थिएन भन्ने एउटा आधार मिलेको छ ।

एमाले उपमहासचिव प्रदीप ज्ञवाली आफूहरुका लागि चुनावको मिति घोषणा भएको समय भन्दा मनोनयन दर्ताको दिनसम्म आउँदाको समय थप अनुकल भएको बताउँछन् ।

उनी भन्छन्, उनी भन्छन्, 'सत्ता गठबन्धन स्वार्थको जगमा उभिएको समूह हो, स्वार्थ टकराउनेवित्तिकै चिरा पर्छ भन्ने आफूहरुको विश्लेषण सही प्रमाणित भएको छ ।' उनी थप्छन्, 'प्रतिगमन, संविधानमाथि आक्रमण जस्ता जे भाष्य निर्माण गरिएको थियो, सत्ताको म्याद सकिएर नयाँ निर्माण हुने बेलासम्म आइपुग्दा त्यसको सान्दर्भिकता सकिएको छ ।'

एमालेले राप्रपासँग झापा, बाँके र रुपन्देहीमा तालमेल गरेको छ भने राप्रपा नेपालसँग मकवानपुरमा । राप्रपासँग थप जिल्लामा पनि तालमेलको प्रयास भइरहेको एमाले नेताहरु बताउँछन् । नेपाल परिवार दलका अध्यक्ष एकनाथ ढकाललाई त प्रतिनिधिसभाको समानुपातिकतर्फको बन्दसूचीमा प्राथमिकताका साथ राखेको छ ।

तराई मधेसका जिल्लामा बलियो प्रभाव भएको जसपा तथा देशभर संगठन भएको तर तुलनात्मक रुपमा कम मत भएको राप्रपासँग मोर्चाबन्दी गरेपछि एमालेलाई ४ मंसिरको चुनावमा सत्ता गठबन्धनको बलियो प्रतिस्पर्धी मानिएको छ ।

आरजु देउवा राणा, प्रकाशशरण महतहरु समानुपातिकमा बस्ने, माओवादी अध्यक्ष प्रचण्डले चितवन-३ छाडेर गोरखा-२ रोज्ने कदमले गठबन्धनमा विश्वासको संकट देखाएको एमाले नेताहरु बताउँछन् । अर्थात, यही संदेश उनीहरु जनतामा दिइरहेका छन् । अर्थात्, एमाले नेताहरु भनिरहेका छन्, ' हिजो एकदमै एकतावद्ध हुँदा पनि सामना गर्छौं भनेका थियौं । हिजो भन्दा अनुकुलता सिर्जना भएको छ । गठबन्धन चोइटिएको छ, हाम्रा सहयात्री थपिएका छन् ।'

गठबन्धनसँग एक्लै लड्दासमेत लोकप्रिय मत ४० प्रतिशत पुऱ्याउने र प्रत्यक्षतर्फ ९० हारहारी सिट जित्ने लक्ष्य लिएको भन्दै एमाले नेताहरु अथप थप विश्वास बढेको भनिरहेकाा छन् ।

माओवादी नेता शक्ति बस्नेत दुई गठबन्धनको प्रतिस्पर्धामा एजेण्डाले हार जित निर्धारण गर्ने बताउँछन् । भन्छन्, 'एउटाले संविधान र प्राप्त उपलब्धीलाई सीमित राख्ने भन्छ, हामी रक्षा गर्ने ।' आफूहरुको एजेण्डा बलियो रहेको भन्दै नेता बस्नेतले थपे, 'यो गठबन्धन त भारी मतका साथ विजयी हुन्छ ।'

## प्रभु...

गराएका छन् । क्षेत्र नम्बर २ को प्रतिनिधिसभामा किरण साहले उम्मेदवारी दर्ता गराएका छन् ।

प्रदेशसभा 'क' मा मोहम्मद जयद राजालाई नै समर्थन गरेका छन् । प्रदेशसभा (ख) मा भने राजन यादव उम्मेदवार बनेका छन् । यस्तै क्षेत्र नम्बर १ को 'क' मा राज किशोर यादवलाई छाड्ने र 'ख' मा राजेश चौधरी उम्मेदवार बनेका छन् ।

जसपासँग चुनावी तालमेल गर्ने विषयमा नेता साह तयार थिएनन् । नेताहरुका अनुसार एमाले एमाले अध्यक्ष ओलीलाई यो सन्देश दिएका थिए । तर, आलीले साहको कुरा नसुनेपछि विद्रोह गरेका हुन । तर, एमालेबाट राजीनामा नदिइ एमालेको टिकट लत्याएका छन् । उनको विद्रोहमा एमालेले कुनै एक्सन लिएको छैन् । साहले पनि राजीनामा दिएका छैनन् । यसले प्रभु साहको विद्रोह उपरको राजनीति कसरी अगाडि बढ्छ भन्ने टुंगो लागेको छैन् । तर, उनले विद्रोह गरेका छन् । माओवादी राजनीतिको सकुलिङबाटठ आएका साहले माओवादीकै नेताहरुसँग पनि पार्टीमा फर्किने भनेर भोट मागिरहेका छन् । एमालेकै असन्तुष्टहरुसँग पनि भोट लिने प्रयास गरिरहेका छन् । उनको व्यक्तिगत भोट पनि छँदैछ । यसबाट उनी अब मधेशको पावर सेन्टरको रुपमा पनि उदाउन चाहेको स्थानीय नेताहरु बताउँदछन् ।

## फरक...

देउवाको कार्यक्षमतामाथि प्रश्न उठाएकै कारण पूर्वमन्त्री मिनेन्द्र रिजालले टिकट पाएनन् । रिजालले शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा शेखर कोइराला प्यानलबाट पार्टी महामन्त्री पदमा उम्मेदवारी दिएका थिए । महामन्त्रीमा पराजित भएपछि रक्षामन्त्रीबाटै राजीनामा गरेका थिए । ०७४ मा कांग्रेसले देशभर चुनाव हार्दा थोरै जित्नेमा रिजाल थिए । तर तिनै रिजालले टिकट पाएनन् ।

देउवा भन्दा पनि कोइराला पक्ष निकट रहेका अर्थविद् स्वर्णिम वाग्लेले निकै चर्चाबीच पनि टिकट पाउन सकेनन् । उम्मेद्वारीका लागि चितवन, गोरखा र काठमाडौंका विभिन्न क्षेत्रमा तयारी गरेपनि उनलाई देउवाले टिकट नै दिएनन् । माओवादी जनयुद्धमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका नेता हरिबोल गजुरेलले पनि ठूलो आंकाक्षकाबीच टिकट नै पाउन सकेनन् ।

पटकपटक आफूलाई अवशरबाट वञ्चित गरेको गुनासो गर्दै आएका गजुरेल पार्टीले टिकट दिनेमा विश्वस्त थिए । टिकट नपाएपछि उनी थप असन्तुष्ट बनेका छन् । त्यस्तै, उनकै पार्टीका बौद्धिक नेता गनिने लेखनाथ न्यौपाने पार्टी नेतृत्वको आलोचना गरेकै कारण टिकटबाट वञ्चित भएका छन् । नेतृत्वकै आलोचना गरेका कारण पार्टीमा लामो समय योगदान गरेकालाई वञ्चित गर्ने र नयाँलाई अवशर दिने प्रवृत्ति गलत भएको भन्दै केही नेताकार्यकर्ताले विरोध पनि गरेका छन् । यद्यपि, आफ्नो आलोचना गर्नेलाई सकेरै छाड्ने रणनीतिमा नेताहरु लागिपरेका छन् ।

## फ्रि-भिसा...

व्यवसायीले हचुवाका भरमा ल्याइएको भन्दै उक्त निर्णय परिवर्तनको माग गरिरहेका छन् ।

पछिल्लोपटक भने मलेसियाबाट नेपाली कामदारका लागि उल्लेख्य मात्रामा फ्रि-भिसा फ्रि-टिकटको डिमाण्ड आई नेपाली कामदार पूर्णतः निशुल्क रूपमा आकर्षक तलब सुविधाको रोजगारीमा गइरहेका छन् ।

आइतबार प्रधानमन्त्री शेरबहादुर देउवाको प्रतिनिधिसभा सदस्यको मनोनयन दर्ता गराउन डडेलधुरा पुगेकी डा. आरजु राणा देउवाले पार्टीका उम्मेदवार जिताए युवाहरूलाई फ्रि-भिसा, फ्रि-टिकटमा वैदेशिक रोजगारीको प्रबन्ध मिलाउने उद्घोष गरिन् ।

गत वैशाखमा सम्पन्न स्थानीय तहको चुनावमा कैलालीमा पनि डा. राणाले आफ्नो पार्टीका उम्मेद्वारलाई चुनाव जिताए फ्रि-भिसा फ्रि-टिकटमा विदेश पठाउने बताएकी थिइन् । केही म्यानपावर कम्पनीहरूको पहलमा कैलालीका ४ सय बढी युवा फ्रि-भिसा फ्रि-टिकटमा रोजगारीका लागि मलेसिया गएका थिए ।

आइतबार आफ्ना पति प्रधानमन्त्री देउवाको मनोनयन दर्ता गराएपछि उनले भनिन्, 'कैलालीका बेरोजगार युवाको रोजगारीमा यसअघि पनि ४ सयभन्दा बढीलाई फ्रि-भिसा, फ्रि-टिकटमा पठायौं, यस्तो स्कीम यहाँ पनि ल्याइने छ ।'

त्यतिबेला नेपाली कांग्रेस (बीपी)ले मतदातालाई आर्थिक प्रलोभन देखाउने किसिमको अभिव्यक्ति दिएको भन्दै राणाविरुद्ध उजुरी दिएपछि निर्वाचन आयोगले राणालाई निर्वाचन आचारसंहिता उल्लंघन गरेको भन्दै २४ घण्टे स्पष्टीकरण सोधेको थियो ।

## पोर्चुगलमा...

सिन्धौलीको वृद्ध बुबाआमा, श्रीमती, एक छोरा र एक छोरी नेपालमा छन् । उनको शव बराईरो अस्पतालको शव गृहमा राखिएको छ । परिवारको आग्रहमा सिन्धौलीको शव नेपाल पठाउने तयारी भइरहेको र सो प्रक्रियाका लागि आर्थिक संकलन शुरु गरिएको गैरआवासीय नेपाली संघ पोर्चुगलका अध्यक्ष रवीन अधिकारीले जानकारी दिए ।

# पद्मश्री साहित्य पुरस्कार 'अर्को भोर' कथा संग्रहलाई प्रदान

**काठमाडौं/मस**–यस वर्षको पद्मश्री साहित्य पुरस्कार कथाकार केशवराज ज्ञवालीको 'अर्को भोर' कथा संग्रहलाई प्रदान गरिएको छ ।

खेमलाल-हरिकला लामिछाने प्रतिष्ठानद्वारा आज आयोजित कार्यक्रममा उक्त पुरस्कार प्रतिष्ठानका अध्यक्ष जीवा लामिछानेले ज्ञवालीलाई प्रदान गरेका हुन् ।

त्यस्तै प्रतिष्ठानद्वारा पहिलो 'पद्मश्री गौरव पुरस्कार' वरिष्ठ नेत्र चिकित्सक डा.सन्दुक रुइतलाई प्रदान गरिएको छ ।

गत वर्ष प्रतिष्ठानले नयाँ पुरस्कारको रूपमा उक्त पुरस्कार घोषणा गरेको थियो । समाजलाई गौरवपूर्ण योगदान दिने विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वलाई




उक्त पुरस्कार प्रदान गर्ने गरिन्छ । लाखौं मानिसलाई आँखाको ज्याति प्रदान गर्ने नेत्र चिकित्सक डा. रुइतलाई उक्त पुरस्कार अध्यक्ष लामिछानेले प्रदान गरे ।

यस वर्षको पद्मश्री साधना सम्मान ३० को दशकदेखि नेपाली आधुनिक कथाका क्षेत्रमा महत्वपूर्ण योगदान दिने कथाकार माया ठकुरीलाई प्रदान गरिएको छ । उनका सातवटा कथासंग्रह, एउटा गीतिसंग्रह र एउटा बालकथा संग्रह प्रकाशित छन् ।

सामाजिक यथार्थवादी कथा लेखेर नेपाली कथा साहित्यलाई समृद्ध बनाएकी कथाकार ठकुरीलाई अध्यक्ष लामिछानेले उक्त सम्मान प्रदान गरे । तीनै पुरस्कार राशि जनही रू.तीन लाख रहेको छ ।

# राष्ट्रपतिद्वारा तीन विधेयक प्रमाणीकरण

**काठमाडौं/मस**– राष्ट्रपति विद्यादेवी भण्डारीले विभिन्न तीन विधेयक प्रमाणीकरण गरेकी छिन् । सङ्घीय संसद्को दुवै सदनको बैठकबाट पारित भई प्रमाणीकरणका लागि पेश भएका विधेयकहरू नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रणामीकरण गरेकी राष्ट्रपति कार्यालयले जनाएको छ ।



प्रमाणित भएका विधेयकमा बीमा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक रहेका छन् ।

# विनोद चौधरीले गराए उम्मेदवारी दर्ता

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २३ असोज

नेपाली कांग्रेसका केन्द्रीय सदस्य विनोद चौधरी पश्चिम नवलपरासी निर्वाचन क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यको उम्मेदवारी दर्ता गराएका छन् । यसअघि समानुपातिकबाट प्रतिनिधिसभा सदस्य रहेका चौधरी यसपटक प्रत्यक्ष निर्वाचनमा होमिएका हुन् । कांग्रेस संसदीय बोर्डको निर्णय अनुसार चौधरीले निर्वाचन कार्यालय बर्दघाटमा मनोयन दर्ता गराएका हुन् ।



नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) १ बाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका चौधरीले आइतबार दिउँसो मुख्य निर्वाचन अधिकृतको कार्यालय पुगेर उम्मेदवारी दर्ता गराएका हुन् ।

उनको प्रस्तावकमा कांग्रेस लुम्बिनी प्रदेशका महामन्त्री एवं संविधानसभा सदस्य विक्रम खनाल रहेका छन् भने समर्थकमा कांग्रेसको प्रतापपुर गाउँपालिका सभापति उमेशचन्द्र यादव रहेका छन् । चौधरी सत्ता गठबन्धनबाट साझा उम्मेदवार हुन् ।

नवलपरासी-१ मा प्रतिनिधिसभा र दुई वटै प्रदेशसभा कांग्रेसले पाएको छ । प्रदेश सभा (क) बाट कांग्रेसका विश्वप्रेम पाठक उम्मेदवार बनेका छन् भने प्रदेशसभा (ख) तर्फ देवकरण कलवार सन्तु उम्मेदवार बनेका छन् । सन्तु दोस्रो संविधानसभा सदस्य हुन् भने अघिल्लो निर्वाचनमा कांग्रेसबाट प्रतिनिधिसभा उम्मेदवार थिए ।

# हुलाकी सडक सञ्चालनमा पुल बाधक

**सिरहा /रासस**-सिरहा-धनुषा-सप्तरी खण्डमा करिब ९० प्रतिशत हुलाकी सडक कालोपत्र भएसँगै त्यस क्षेत्रमा सहरीकरण तीव्ररुपमा हुन थालेको छ । सडकमा कालोपत्र भएपछि प्रत्येक किलोमिटरमा नयाँ चोक निर्माण निर्माण भएको छ भने कतिपय पुरानो बजारले नयाँ स्वरुप लिएका छन् भने कतिपय सुनसान बनेका छन् । सप्तरीमा बोदे बर्साइन बजार, डिमन, पथरगडा, अर्नाहा, चन्ही चौक सिरहमा भगवानपुर, सोनवर्षा, बरयारपट्टी, औरही, सनहैठा, धनुषमा कमला, तिनकोरिया, लगमा, सघरा, औरही, भेललगायतका बजार क्षेत्रमा तीब्र गतिमा विकास भइरहेको छ ।

सहर विस्तारसँगै सडक क्षेत्रको जग्गाको मूल्य आकासिएको छ । सप्तरीका बलान बिहुल गाउँपालिका-२ चन्ही चौकमा १२ वर्षअघि काट्ठाको रु एक लाख ५० हजार पर्ने जग्गा अहिले कट्ठाको ४० लाख रुपैयाँमा करोबार भइरहेको स्थानीय रामशङ्कर भण्डारीले बताए । यस्तै कमला नगरपालिका वडा-४ सघरा बजार १५ वर्ष अगाडि कट्ठाको रु एक लाखमा पाइने जग्गा अहिले रु ६० लाख पर्न थालेको स्थानीय पमेश्वर दासले बताए ।

विदेह नगरपालिका-६ तिनकौरिया बजारमा पनि १२ वर्षअघि रु ५० देखि ६० हजारमा पाइने एक धुर जग्गा अहिले रु १३ लाखसम्ममा बिक्री हुन थालेको स्थानीय किशोर मण्डलले जानकारी दिए ।

मधेसको समृद्धिको संवाहक मानिएको यो सडक सुक्खा मौसममा धुलाम्मे र वर्षात्मा हिल्लाम्मे हुने गर्दथ्यो । राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको हुलाकी सडकमा पर्ने बजारको विकास भएसँगै ग्रामीण



जनताको जीवनस्तर पनि उकासिएको छ ।

बजार विस्तारसँगै स्थानीय उपभोक्तालाई किनमेल गर्न सहज भएको छ । किनमेल गर्न लहान जानुपर्ने अवस्थाको अन्त्य भएको भगवानपुर गाउँपालिकाका जयनारायण यादवले बताउछन् । 'पहिला-पहिला बजार क्षेत्रमा साँघुरो सडक र फुसको छाप्रो, त्यहीँभित्र स-साना पसल हुन्थ्यो', बरियारपट्टीका शङ्कर साहले भने, 'तर अहिले सडक फराकिलोसँगै ठूलठूला पक्की भवन र डिपार्टमेन्ट स्टोरहरु खुलेका छन् ।'

### पुल नबन्दा समस्या

सडक कालोपत्र गरिए पनि विभिन्न ठाउँमा बन्नुपर्ने पक्की पुलको निर्माण कार्य सम्पन्न हुन नसक्दा सडक सञ्चालनमा आउन सकेको छैन । सिरहामात्र होइन सप्तरी-धनुषाको ग्रामीण क्षेत्रको विकासमा अहिले सकमा पर्ने पुल बाधक बनेको छ । कमला, गागनलगायत केही नदीमा पुल निर्माणको काम पूरा नहुँदा तीनवटै जिल्लाका ग्रामीण क्षेत्र विकासमा पछि परेको छ । सिरहा र धनुषा जोड्ने कमला नदीमा निर्माणाधीन पुल भत्किएको एक वर्षभन्दा बढी भइसक्दा पनि पुनःनिर्माण भएको छैन । यसले गर्दा अस्थायी पुलमा जोखिमपूर्ण यात्रा गर्न बाध्य हुनु परेको छ । सिरहा सदरमुकामबाट हुलाकी सडक भएर जनकपुरधाम पुग्न करिब ४५ मिनेट लाग्छ । तर, राजमार्ग भएर जनकपुरधाम पुग्न झण्डै तीन घण्टा लाग्छ । राजमार्गको दूरी लामो, गाठीको चाप भएकाले धेरै मानिस जोखिम मोलेरै जनकपुरधाम पुग्न हुलाकी सडक रोज्छन् ।

कमला नदीमा चार सय ७० मिटर लम्बाइ र ११ मिटर चौडाइ पुल निर्माणका लागि २०६८ सालमै पप्पु लुम्बिनी बिल्डर्सले २४ करोड ९१ लाख रुपैयाँमा ठेक्का लिएको थियो । केही काम गरी सो कम्पनीले काम नगरेपछि सम्झौता रद्द गरी २०७६ असोज १ मा लुम्बिनी विल्डर्स कन्स्ट्रक्सनलाई जिम्मा दिइयो । एक वर्षअघि असारमा पहिलो पुल हस्तान्तरण गर्ने भनी निर्माण कम्पनीले तैयारी गरिरहँदा २०७८ असार १७ गते सामान्य बाढीले खम्बा भासियो र ढलानसमेत खस्यो । सरकारले पुल पुनर्निर्माण गर्न निर्देशन दिए पनि ठेकेदार कम्पनीले वास्ता गरेको छैन ।

हुलाकी सडक आयोजना जनकपुरधामका प्रमुख इञ्जिनीयर कृष्णा महतो भन्छिन्, 'ठेक्का लिएकै कम्पनीले पुनःनिर्माण गर्छ । वर्षायाममा अर्को डिजाइन तयार पार्ने र हिउँदबाट काम सुरु गर्ने भनेको थियो । अब काम शुरू हुन्छ ।' यस्तै सिरहाको औरही गाउँपालिका-५ गागन नदीमा हिराचन रोशन कन्स्ट्रक्सन प्रालिमार्फत रोशन कन्ट्रक्सनले पुल निर्माणको काम गर्दै आएको छ । तीन वर्षभित्र सकिने गरी २०७६ सालमा सम्झौता भएको सो पुल निर्माणको काम कछुवा गतिमा बढ्दा स्थानीयवासी निराश बनेका छन् ।


सिरहा जिल्लामा बलान पुलदेखि कमला पुल २९.८८ किलोमिटर, सप्तरी जिल्लामा कञ्चनरुपदेखि बलान पुलसम्म ३२ किलोमिटर, धनुषा जिल्लामा कमला पुलदेखि जनकपुरधामसम्म २७ किलोमिटर हुलाकी सडक खण्ड पर्दछ । राष्ट्रिय महत्वको यस आयोजना लामो समयसम्म पूर्ण नहुँदा तराई-मधेस क्षेत्रको आर्थिक विकासले गति लिन सकेको छैन ।

# जनप्रतिनिधिका छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउनै पर्ने

**कुश्मा/मस**– पैयूँ गाउँपालिकाले सरकारी कर्मचारी, जनप्रतिनिधि र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउनै पर्ने नियम ल्याउन लागेको छ । गाउँ शिक्षा समितिको बैठकले आगमी शैक्षिक सत्र २०८० देखि सरकारी विद्यालयमै पदाधिकारीका छोराछोरीलाई पढाउन पठाउनुपर्ने निर्णय गरिएको गाउँपालिकाका शिक्षा अधिकृत यज्ञप्रसाद लामिछानेले बताए । उनका अनुसार सरकारी सुविधा लिएर छोराछोरी निजीमा पढाउनेको सुविधा रोक्का गर्नेसम्मको निर्णय भएको छ । 'सरकारी सुविधा लिएर निजीमा छोराछोरी पढाउँदा सामुदायिकप्रतिको चासो घट्ने र गुणस्तरसमेत खस्किने निष्कर्षसहित यस्तो निर्णय गरिएको हो ।', शिक्षा अधिकृत लामिछानेले भने, 'आउँदो शैक्षिक सत्रदेखि निर्णय लागू गर्ने सहमति भएको छ । सहमति कार्यान्वयनमा अटेरी गर्नेको सरकारी सुविधा रोक्का गर्नसकिने निर्णयमा उल्लेख छ ।' गाउँ शिक्षा समितिले गरेको निर्णय कार्यपालिकाबाट पारित गराएपछि कार्यान्वयनमा लैजाने गाउँपालिकाको तयारी छ । प्रमुख प्रशासकीय अधिकृत केशव लामिछानेका अनुसार निर्णय अनुसारको कार्ययोजना बनाएर सामुदायिक विद्यालयको शैक्षिक सुधारमा अहिलेदेखि नै सर्वपक्षीय तयारी थाल्ने शिक्षा समितिको निर्णय छ । निजी विद्यालयले ग्रामीण क्षेत्रका भित्री बस्तीसम्म सवारीसाधन पुऱ्याएर विद्यार्थी बटुल्न थालेपछि सामुदायिक विद्यालय सङ्कटमा पर्दै गएका छन् । यो अवस्थालाई रोक्न सामुदायिक विद्यालयमा गुणस्तर कायम गर्नुपर्ने भएकाले यस्तो निर्णय गरिएको गाउँपालिका अध्यक्ष राज मल्लले बताए ।

त्यसबाहेक शैक्षिक र सचेत व्यक्तिले नै निजी विद्यालयमा बालबालिका पढाउँदा सामुदायिकप्रतिको चासो घट्दै गएकोले सचेत नागरिकलाई सामुदायिक विद्यालयको महत्व बुझाउन पनि यो निर्णय गर्नुपरेको उनले जानकारी दिए । गाउँपालिकाका अध्यक्ष नै संयोजक रहने समितिमा कार्यपालिका सदस्य, दुई माध्यमिक विद्यालयका प्रधानाध्यापक, शिक्षाप्रेमी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी समेत नौजना रहने व्यवस्था छ । गाउँ शिक्षा समितिले गरेको यो निर्णय गर्न पाउने व्यवस्था पैयूँ गाउँ पालिकाको गाउँ शिक्षा ऐनमासमेत व्यवस्था गरिएको छ । ऐनको दफा १६ मा भएको व्यवस्था बमोजिम नै यो निर्णय गरिएको शिक्षा अधिकृत लामिछानेले बताए ।

# मधेस प्रदेशमा २९ लाख मतदाता




**सप्तरी/मस**- प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मधेस प्रदेशमा २९ लाख १० हजार २३ मतदाताले मतदान गर्न पाउने भएका छन् । आगामी मङ्सिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदाताले मतदान गर्न पाउने व्यवस्था भएअनुसार मधेस प्रदेशमा २९ लाख १० हजार २३ मतदाता रहेको आयोगका उपसचिव एवं सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए । साउन १९ गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गराएका १८ वर्ष उमेर पुगेका उनीहरुले आठ जिल्लाको ३२ प्रतिनिधिसभा सदस्य र ६४ प्रदेशसभाका लागि मङ्सिर ४ गते मतदान गर्न पाउनेछन् । जस्मा १३ लाख ३२ हजार ६ सय ४० महिला, १५ लाख ७७ हजार तीन सय १७ पुरुष र ६६ जना अन्य मतदाता रहेको निर्वाचन आयोगले जनाएको छ ।

मतदाता नामावली सङ्कलन भएअनुसार मधेस प्रदेशमा सबैभन्दा बढी बारामा एक लाख ९१ हजार चार सय ९० महिला, दुई लाख ३१ हजार आठ सय २६ पुरुष र ११ अन्य गरी चार लाख २३ हजार तीन सय २७ मतदाता छन् । सबैभन्दा कम महोत्तरीमा एक लाख ५४ हजार सात सय ८७ महिला, एक लाख ८१ हजार तीन सय सात पुरुष र एक अन्य गरी तीन लाख ३६ हजार ९५ मतदाता छन् ।

यसैगरी सप्तरीमा दुई लाख एक हजार ७१ महिला, दुई लाख १७ हजार दुई सय ८२ पुरुष र २१ अन्य गरी चार लाख १८ हजार तीन सय ७४, सर्लाहीमा एक लाख ८७ हजार आठ सय ३७ महिला, दुई लाख २५ हजार तीन सय २९ पुरुष र आठ अन्य गरी चार लाख १३ हजार एक सय ७४ मतदाता छन् ।

मधेस प्रदेशको राजधानी जनकपुरधाम रहेको धनुषा जिल्लामा एक लाख ९३ हजार एक सय चार महिला, दुई लाख १६ हजार आठ सय ७५ पुरुष र ६ अन्य गरी चार लाख नौ हजार नौ सय ८५, रौतहटमा एक लाख ८५ हजार ४६ महिला, दुई लाख २२ हजार नौ सय ४५ पुरुष र एक अन्य गरी चार लाख सात हजार नौ सय ९२ मतदाता छन् ।

सिरहामा एक लाख ६९ हजार सात सय ७२ महिला, एक लाख ९४ हजार तीन सय ४३ पुरुष र दुई अन्य गरी कूल तीन लाख ६४ हजार एक सय १७ तथा पर्सामा एक लाख ५१ हजार आठ महिला, एक लाख ९४ हजार नौ सय चार पुरुष र १६ अन्य गरी तीन लाख ४५ हजार नौ सय २८ मतदाता छन् ।

आयोगका अनुसार देशभरि ८८ लाख ४७ हजार पाँच सय ७९ महिला, ९१ लाख ४० हजार आठ सय ६ पुरुष र एक सय ८५ अन्य गरी एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाता रहेका छन् ।

निर्वाचन आयोगले गत स्थानीय तह निर्वाचनमा पनि निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पुगेर मतदाता सूचीमा नाम भएका मतदातालाई मतदानमा सहभागी गराएको थियो । त्यसअघिका निर्वाचनमा निर्वाचनको मिति घोषणा भएको दिनसम्म १८ वर्ष पूरा भएका नागरिकलाई मात्र मतदानको व्यवस्था गरिँदै आएको थियो । स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएपछि आयोगले गत असार १ देखि मतदाता नामावली सङ्कलन सुरु गरेको थियो ।

## कर्मचारी चाहियो

एक ट्राभल्स एजेन्सीको लागि कम्प्यूटर सम्बन्धी ज्ञान भएको ३ (तीन) जना कर्मचारी र मार्केटिङको लागि मोटरसाइकल चलाउन जान्ने १ (एक) जना कर्मचारी चाहिएकोले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.: ९८५१०५७८९०

## Vacancy Annoucement

One of the reputed recruitment agency is seeking for following applicants.

PRO - 5/6 (Male/ Female)
(2 or 3 years experienced in Manpower Field).
Receptionist - 1 (Female)
(Most Known About Computer & English Language).
Secretary -1 (Female)
( Minimum Bachelor Pass, Most Known Computer & English Language).

* Above all category candidate must have computer Knowledge.

Salary will be Negotiable

Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph to the following address. Prority will be given for manpower Experienced.

C.D. Human Resources Pvt. Ltd.
Sinamangal 9, Kathmandu
Mob.: 9801081255, 9851005776
Email: hr.cdhuman000@gmail.com
Gov. Lic. No. 1048/073/74

## कुवेतमा रोजगार

कम्पनी: AL-SWEHLI DELIVERY COMPANY FOR CONSUMER ORDER KUWAIT
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०६/१४ चलानी नं.: ६०१९८६३३ LT. No.: 272859

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Bike Delivery Driver | 15 | 0 | स. काममा दक्ष | 140 | ५९,३४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ३१ गते (17 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Jung Dong Manpower Pvt. Ltd.
Gov. Lic. No.: 1416/074/075 marajgung-3, Chakrapath, Kathmandu, Tel: 4375390, 4375391

## कतारमा रोजगारको अवसर

कम्पनी : ALMARI CLEANING AND SERVICES W.L.L.
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/०६/१४ चलानी नं.: ६०१८८६८८ LT. No.: 273055

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६०,४६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 2 | 0 | | 1200 | ४२,६८४ | | | | | | | |
| 3. | Labourer | 1 | 0 | | 1200 | ४२,६८४ | | | | | | | |
| 4. | Administrative Co Ordinator | 1 | 0 | | 2700 | ९६,०३९ | | | | | | | |
| 5. | Foreman | 1 | 0 | | 2500 | ८८,९२५ | | | | | | | |
